# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-११, अर्घाखाँची

पत्र सं.०८१।०८२
च.नं. ३५

मिति : २०८१।११।१८

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग

श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपरोक्त विषयमा यस गैडे सामुदायिक वन उपभोक्ता समूहले श्री डिभिजन वन कार्यालय, अर्घाँखाँचीको च.नं. १८९० मिति २०८१।१०।१५ गतेको लिलाम बिक्री सहमति बमोजिम घाटगद्धीमा रहेको काठ दाउरा लिलाम सम्बन्धि शिलबन्दी बोलपत्र आवह्वानको लागि मिति २०८१।११।१८ गतेको नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी समूहले तयार गरेको विस्तृत सूचना यसै साथ संलग्न गरी पठाईएको छ । प्रचार प्रसारको लागि तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुन अनुरोध छ ।

...........................
जङ्ग बहादुर सुनार
अध्यक्ष

# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८१।०८२
च.नं.

मिति : २०८१।११।१८

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित मिति २०८१।११।१८)

प्रस्तुत विषयमा यस सामुदायिक उपभोक्ता समूहले आ.व. २०८१/०८२ मा सामुदायिक वनमा ढलापडा तथा पुनरुत्पादन कटान तर्फका कटान सहमति भएका रुखहरु कटान गरी घाटगद्दीमा राखिएका विभिन्न जातको गोलिया थान ६९३ को ५०४२.०० क्यू.फिट गोलिया काठ र दाउरा १२.७५ चट्टालाई कायम गरिएको ४ वटा लटलाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ औ दिन बिदा परेकोले मिति २०८१।१२।१० गतेभित्र बोलपत्र खरीद गरी मिति २०८१।१२।११ गते दिउसको ३:०० बजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

**तपसिल**

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. १८९० मिति २०८०।१०।१५ गतेको लिलाम सहमति बमोजिम पहिलो पटकको सूचनामा प्राविधिक त्रुटी हुन गई समूहको निर्णय अनुसार उक्त सूचना रद्ध गरी पुन: दोश्रो पटक प्रकाशित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा कटान तर्फको थाङ्ग नं. १,३,४,५,६,७,८ र ९ | साल | A | १८ | २७२.९९ | १२५० | ३४१२३८ | २९२०२६ | |
| | | साल | B | ३८ | ३७३.१५ | ९०० | ३३५८३२ | | |
| | | साल | C | ११७ | ४४४.८९ | ६०० | २६६९३१ | | |
| | | साल | D | ६ | ९.८९ | ३०० | २९६८ | | |
| | | बाँझी | N | २६ | १०१.५२ | १०० | १०१५२ | | |
| | | असना | A | ८ | ११८.५० | ४०० | ४७३९८ | | |
| | | असना | B | ५ | ३७.९६ | ३०० | ११३८८ | | |
| | | असना | C | ८ | २९.०१ | १०० | २९०१ | | |
| | | जामुन | A | ५ | १२०.२९ | ४०० | ४८११६ | | |
| | | जामुन | B | १ | ६.७७ | ३०० | २०३२ | | |
| | | जामुन | C | २ | ५.१६ | १०० | ५१६ | | |
| | | सिसौ | B | ८ | ३०.८० | १००० | ३०७९८ | | |
| | | टिकुली | N | ६ | ५९.५९ | १०० | ५९५९ | | |
| | | चेप्टे | N | २ | १२.११ | १०० | १२११ | | |
| | | कर्मा | B | २ | २०.४२ | ३०० | ६१२७ | | |
| | | कर्मा | C | ४ | १७.३४ | १०० | १७३४ | | |
| | | खयर | N | ४ | ८.३३ | १००० | ८३२८ | | |
| जम्मा | | | | २६० | १६६८.७२ | | ११२३६२९ | २९२०२६ | |
| लट नं. १ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को पुनरुत्पादन कटान तर्फको थाङ्ग नं. २,३,४,५,९ र १० | साल | A | १७ | ४८३.०४ | १२५० | ६०३८०१ | २८७८४२ | |
| | | साल | B | ३१ | ४७१.८२ | ९०० | ४२४६३७ | | |
| | | साल | C | ६७ | ४५९.०७ | ६०० | २७५४३९ | | |
| | | साल | D | ४ | १०.५० | ३०० | ३१४९ | | |
| | | बर्रो | N | ५ | २४.१९ | २०० | ४८३७ | | |
| | | बाँझी | N | ८ | ३८.८३ | १०० | ३८८३ | | |
| | | टिकुली | N | ८ | २४.४१ | १०० | २४४१ | | |
| | | कुसुम | N | ६ | १७.५४ | १०० | १७५४ | | |

# गैंडे सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुम्भी | N | १ | ३.९२ | १०० | ३९२ | | |
| | | कर्मा | A | ३ | ३९.०८ | ४०० | १५६३० | | |
| | | कर्मा | B | ३ | २२.८१ | ३०० | ६८४३ | | |
| | | कर्मा | C | १२ | ४९.६२ | १०० | ४९६२ | | |
| जम्मा | | | | १६५ | १६४४.८१ | | १३४७७६८ | २८७८४२ | |
| लट नं. ३ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को पुनरुत्पादन कटान तर्फको घाट नं. ६,७ र ८ | साल | A | १३ | १९४.३६ | १२५० | २४२९४५ | ३०२४८४ | |
| | | साल | B | ३० | २९३.८३ | ९०० | २६४४४६ | | |
| | | साल | C | ११९ | ५२५.३३ | ६०० | ३१५१९७ | | |
| | | साल | D | १६ | ३६.०५ | ३०० | १०८१६ | | |
| | | असना | A | ११ | १६४.४६ | ४०० | ६५७८३ | | |
| | | असना | B | २६ | २५२.८३ | ३०० | ७५८४८ | | |
| | | असना | C | ५३ | २६१.६२ | १०० | २६१६२ | | |
| जम्मा | | | | २६८ | १७२८.४८ | | १००११९८ | ३०२४८४ | |
| लट नं. ४ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा तथा पुनरुत्पादन कटान तर्फको दाउरा | साल | दाउरा चट्टा | | ८.०० | १२००० | ९६००० | २०४००० | |
| | | साल मिश्रित | दाउरा चट्टा | | ०.७५ | ८००० | ६००० | | |
| | | अन्य | दाउरा चट्टा | | ४.०० | ४००० | १६००० | | |
| जम्मा | | | | | १२.७५ | | ११८००० | २०४००० | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१२/१० गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१२/११ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट लट नं. १, २ र ३ को रु.२००० र लट नं. ४ को रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००३९६८००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-११ स्थित समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोबार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

CamScanner

# गैंडे सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१२।१४ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री गैंडे सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल फालगुन महिनाको १८ गते रोज ०१ मा शुभम् ..............................।

CamScanner